http://www.ird.gov.np

# कर बुलेटिन
Tax Bulletin

आन्तरिक राजस्व विभागको त्रैमासिक प्रकाशन

वर्ष ७, अङ्क ८, २०७६ माघ–चैत Year 7, Issue 8, January - Apr. 2020

## राजस्व संकलनको प्रगति ६४.७६ प्रतिशत हासिल

आर्थिक वर्ष २०७६।७७ को लागि विभागलाई रू. ५०६ अर्व १८ करोडको लक्ष्य प्राप्त भएको छ । उक्त लक्ष्य मध्ये माघ महिना देखि चैत महिना सम्मको लागि रू. ११९अर्व ०३ करोड लक्ष्य रहेकोमा रू ७७ अर्व ०८ करोड संकलन भई लक्ष्यको तुलनामा ६४.७६ प्रतिशत संकलन भएको छ । यो संकलन गत आर्थिक वर्षको यसै अवधिको संकलनको तुलनामा रू ७ अर्व १५ करोड अर्थात ८.४९ प्रतिशतले घटी हो ।

शीर्षकगत रूपमा हेर्दा आयकरतर्फ रू. ७० अर्व ६२ करोड लक्ष्य रहेकोमा रू ४४ अर्व ४३ करोड संकलन भई लक्ष्यको तुलनामा ६२.९२ प्रतिशत संकलन भएको छ । मूल्य अभिवृद्धि करतर्फ रू २४ अर्व ६० करोड लक्ष्यमा रू. १९ अर्व ४७ करोड संकलन अर्थात लक्ष्यको ७९.१४ प्रतिशत संकलन

बाँकी पृष्ठ ४ मा

## अर्ध वार्षिक समीक्षा तथा व्यबस्थापन गोष्ठी, २०७६




२०७६ फागुन ०८ र ०९ गते होटल शंकरमा आन्तरिक राजस्व विभागको समग्र कार्यसम्पादन स्तरको अर्ध वार्षिक समीक्षा सहित व्यबस्थापन गोष्ठी सम्पन्न गरियो । माननीय अर्थमन्त्री डा. युवराज खतिवडाले पानसमा बत्ती बालेर औपचारिक शुभारम्भ गर्नुभएको उक्त कार्यक्रममा विभागका उपमहानिर्देशक मुक्तिप्रसाद पाण्डेले उपस्थित सबै अतिथि र सहभागीहरुलाई स्वागत गर्दै विभागले चालु आर्थिक बर्षको छ महिनासम्म सम्पादन गरेका कार्यहरुको प्रगतिको विवरण प्रस्तुत गर्नुभयो ।

गोष्ठीलाई सम्बोधन गर्दै माननीय अर्थमन्त्री युवराज खतिवडाले समीक्षा ठीक समयमा भएको धारणा व्यक्त गर्दै वैज्ञानिक, अनुमानयोग्य र पारदर्शी कर प्रणाली विकास गरी निजी लगानीमैत्री वातावरण सिर्जना गर्ने, उत्पादनमूलक उद्योग तथा व्यवसायको प्रवर्धन र औद्योगिक संरक्षण गर्नेतर्फ विभागले विशेष ध्यान दिनु पर्ने विचार व्यक्त गर्नु भयो । करदाताहरुलाई करमा दर्ता गरी राजस्व संकलन गर्ने, उनीहरुका लागि आवश्यक सेवा नजिकबाट प्रवाह गर्ने र सूचना प्रविधिको व्यापक प्रयोगबाट कर तिर्नका लागि सहज वातावरण निर्माण गर्ने रआन्तरिक राजस्वको मजबुत आधार बनाउन सबै किसिमका आर्थिक क्रियाकलापहरुलाई करको दायरामा ल्याउँदै कर छली तथा चुहावट नियन्त्रण गरी करको दायरा फराकिलो बनाउने,

बाँकी पृष्ठ ३ मा....

### यसभित्र

क्यासव्याक तथा वायोम्याट्रिक दर्ता प्रणालीको उद्घाटन — पृष्ठ ५

क्षेत्रीय स्तरमा कर लेखा परीक्षण सम्बन्धी तालिम सम्पन्न — पृष्ठ ६

Taxpayer Portal सम्बन्धी एक जानकारी — पृष्ठ ८

# महानिर्देशकको सन्देश



**मुलुक विषम परिस्थितिबाट व्यतित भैरहेको भएता पनि हामीले अहिले आगामी आर्थिक वर्षको राजस्व नीति तथा बजेट निर्माण गर्ने संघारमा छौं । जसका लागि अर्थ मन्त्रालयबाट व्यावसायिक क्षेत्रको समेत सहभागिता हुने गरी गठन गरिएको आन्तरिक राजस्व उप समिति अन्तर्गतका विभिन्न कार्यदलहरू समेत गठन गरी सुझाव संकलन गर्ने कार्य थालनी गरिएको हुँदा कर प्रशासनको समग्र सुधारका सम्बन्धमा आफ्ना कुनै सुझावहरू भएमा उपलब्ध गराइदिनु हुन सरोकारवाला सबैमा अनुरोध गर्दछु ।**

हामीले चालू आर्थिक बर्षको तेस्रो चौमास व्यतित गरेका छौं । यो अवधिसम्म आइपुग्दा हामीलाई प्राप्त भएका कार्यगत लक्ष्यहरुमा उत्साहजनक सफलता हासिल गरी अन्तिम चौमासका लागि आवश्यक रणनीति तय गर्ने र आगामी आर्थिक वर्षका लागि बजेट मार्फत नीतिगत परिवर्तनका लागि उचित पृष्ठपोषण गर्नु पर्ने बेलामा विश्वभर फैलिएको कोरोना भाइरसबाट सिर्जित कोभिड १९ को माहामारीका कारण जटिलता उत्पन्न भएको छ ।

यस विभागलाई तोकिएको लक्ष्य अनुरुप नै विभागीय अनुगमन तथा तालिम कार्यक्रम र अर्ध वार्षिक समीक्षा तथा व्यबस्थापन गोष्ठी, २०७६ मा छलफल भई पृष्ठपोषण प्राप्त भएका तथा निर्देशन गरिएका विषयवस्तुहरुलाई संवोधन हुने गरी कार्ययोजना समेत वनाई सघन रुपमा नै कार्यान्वयनको पाटोलाई अघि बढाईदै लगिएकोमा विश्वभर फैलिएको महामारीले गर्दा चैत ११ देखि महामारी रोकथामका लागि सरकारले बन्दाबन्दी (Lock Down)को निर्णय गरेसंगै आर्थिक गतिविधिहरु ठप्प भएका छन् । यसले गर्दा समग्र अर्थतन्त्र र राजस्व संकलनमा समेत नकारात्मक प्रभाव दखिएको छ । यस अवधिमा राजस्व संकलनमा लक्ष्यको तुलनामा ६४.७५ प्रतिशत मात्र प्रगति हासिल भएको छ ।

यस विषम परिस्थितिमा म कर परिवारका सम्पूर्ण परिवार र आम कारदाताहरुलाई संयमित भएर महामारीवाट सुरक्षित रहन आग्रह गर्दछु । बन्दा बन्दीको समयमा करदाताहरुका नियमित प्रशासकीय काम कार्वाहीहरु समेत सुचारु हुन सकेका छैनन् तथापि कतिपय अप्ठाराहरु विद्युतीय माध्यमको प्रयोगबाट समाधान गरी करदाताहरुलाई सहजीकरण गर्न म मातहत कार्यालयहरुलाई अनुरोध गर्दछु । करदाताहरुलाई पनि यस जटिल परिस्थितिमा सरकारलाई पर्न गएको आर्थिक संकटलाई ध्यानमा राखी कर छली तथा कर चुहावट जस्ता गतिविधिमा निरुत्साहन गर्नकानूनको परिपालनामा जोड दिन र कर प्रशासनमा संलग्न जनशक्तिहरुलाई समेत आफ्नो कार्यक्षेत्र भित्रका करदाताहरुको कारोवार र गतिविधिहरुको उचित नियमन र निगरानी गर्ने कार्य प्रति सचेत रहन आग्रह गर्दछु ।

प्रतिकूल अवस्थाका वावजुत पनि कर विवरण वुझाउँने तथा कर दाखिला गर्ने कार्यमा सहभागी करदाताहरुलाई विशेष धन्यवाद दिदै विभाग र अन्तर्गतका कार्यालयहरुवाट उपलब्ध हुने सूचना प्रविधिलाई अधिकतम प्रयोग गरी कर सहभागिता जनाई असल नागरिकको भूमिका निर्वाह गरिदनु हुन पनि सम्पुर्ण करदाताहरुमा विभागको तर्फबाट विशेष अनुरोध गर्दछु ।

मुलुक विषम परिस्थितिबाट व्यतित भैरहेको भएता पनि हामीले अहिले आगामी आर्थिक वर्षको राजस्व नीति तथा बजेट निर्माण गर्ने संघारमा छौं । जसका लागि अर्थ मन्त्रालयबाट व्यावसायिक क्षेत्रको समेत सहभागिता हुने गरी गठन गरिएको आन्तरिक राजस्व उप समिति अन्तर्गतका विभिन्न कार्यदलहरु समेत गठन गरी सुझाव संकलन गर्ने कार्य थालनी गरिएको हुँदा कर प्रशासनको समग्र सुधारका सम्बन्धमा आफ्ना कुनै सुझावहरु भएमा उपलब्ध गराइदिनु हुन सरोकारवाला सबैमा अनुरोध गर्दछु ।

पुन: यस विषम् परिस्थितमा सम्पूर्ण राजस्व प्रशासनमा कार्यरत कर्मचारीहरु र आम करदाताहरुको सु-स्वास्थ्यको कामना सहित महामारीवाट सुरक्षित भई बस्न आग्रह गर्दछु ।

**बिनोद बहादुर कुँवर**
**महानिर्देशक**
**२०७७, बैशाख**



“स्वच्छ कर प्रशासन, विकास र सुशासन”

पृष्ठ १ बाट क्रमशः

## अर्ध वार्षिक समीक्षा...




आयात निरुत्साहित गर्ने एवम् निर्यात प्रवर्धन गर्न कार्यमा समेत विभागले आफ्ना गतिविधि केन्द्रित गर्नु पर्ने विषयलाई समेत जोड दिनुभयो ।

अर्थ मन्त्रालय, राजस्व व्यवस्थापन महाशाखाका सहसचिव धनीराम शर्माले कार्यक्रमको सम्बोधन गर्नु हुँदै राजस्व संकलनको बैकल्पिक कार्ययोजना अनुसार नतिजा हासिल गर्ने गरी विभागले कार्य सम्पादन गरोस् भन्ने विचार व्यक्त गर्नुभयो ।

कार्यक्रममा उपस्थितिका लागि सबैलाई धन्यवाद व्यक्त गर्दै बिभागका महानिर्देशक विनोद बहादुर कुँवरले बिभागले अर्धबार्षिक रुपमा सम्पादन गरेका कार्यलाई एकै ठाउमा राखी समीक्षा गर्नुपर्ने बताउनुभयो। यसका साथै उहाँले कर प्रशासनलाई जनताको नजिक पु¥याउने गरी संगठन विकास भएको र नयाँ कार्यालयहरु चाडै नै संचालनमा ल्याईने तथा कर्मचारीहरुको क्षमता अभिबृद्धिका लागि निरन्तर रुपमा विभिन्न विषयगत तालिमहरु संचालन गरिने विषय उल्लेख गर्नु भयो ।

उद्घाटन सत्र राजस्व अनुसन्धान विभागका महानिर्देशक दीर्घराज मैनाली, भन्सार विभागका निर्देशक शिशिर कुमार घिमिरे, महालेखा परीक्षकको कार्यालयका नायव महालेखा परीक्षक बैकुण्ठ अधिकारी रसम्पत्ति शुद्धीकरण तथा अनुसन्धान विभागका निर्देशक विनोद लामिछानेले विभागीय कार्यपत्र प्रस्तुतिकरण गर्नुभएको थियो । त्यसैगरी आन्तरिक राजस्व विभागका निर्देशक अर्जुन भट्टराईले विभागले चालु आ.व.को छ महिनासम्मको समग्र कार्यसम्पादनको अवस्था र २०७६ माघ महिनामा सम्पादन भएको कार्य प्रगतिको विवरण प्रस्तुत गर्नुभएको थियो।

गोष्ठीको दोस्रो दिन विभागका निर्देशक मदन दहालको अनुसन्धानात्मक कर परीक्षण सम्बन्धी प्रस्तुतीकरणबाट कार्यक्रम शुरुवात गरिएको थियो । तत् पश्चात उपस्थित सम्पूर्ण सहभागीहरुलाई कर परीक्षण तथा अनुसन्धान सम्बन्धी, कर परिपालना-कर संकलन, बक्यौता, बेरुजु व्यवस्थापन तथा अनुगमन,कर नीति र कानूनमा सुधार सम्बन्धी, सेवा प्रवाह तथा सूचना प्रविधि सम्बन्धी र अन्तःशुल्क व्यवस्थापन सम्बन्धि पाँच बटा विषयगत समूहमा बिभाजन गरी हरेक समूहले आ-आफ्ना विषयवस्तुमा गहन रुपमा छलफल गरी अर्थसचिव, शिशिर कुमार ढुङ्गाना, अर्थ मन्त्रालयका सहसचिव धनीराम शर्मा लगायतका अतिथिहरुको उपस्थितिमा आ-आफ्नो समूहका एकजना सदस्यले निश्कर्षको प्रस्तुतीकरण गर्नुभएको थियो। विषयगत समूहहरुको प्रस्तुतीकरण पश्चात शुरु गरिएको समापन कार्यक्रममा अर्थसचिव, अर्थ मन्त्रालयका सहसचिवहरु लगायतका अतिथिहरुको उपस्थिति रहेको थियो । समापन समारोहलाई सम्बोधन गर्दै अर्थ सचिव शिशिरकुमार ढुङ्गानाले कार्यक्रम सफलतापूर्वक सम्पन्न गरेकोमा आन्तरिक राजस्व विभागलाई धन्यवाद दिदै कर परिपालना अभिवृद्धि गर्न र आगामी दिनको कार्यदिशा यकिन गर्न विभाग र अन्तर्गतका कार्यालयहरूको प्रगतिको समीक्षा भएको विचार व्यक्त गर्नुभयो । साथै विषयगत समूहमा आएका साझा बिषयहरु थप छलफल गरी निचोड निकाल्न निर्देशन समेत दिनुभयो। त्यसैगरी करको दायरा विस्तार र कर संकलनका वढोत्तरी ल्याउन सकिने संभावनाहरु धेरै भएको हुँदा अन्तर सरकारी निकायबाट सूचना एवं तथ्याङ्क लिई अध्ययन विश्लेषण गर्ने, करदाताहरुको निगरानी गर्ने, लुकेका करदाताहरुको पहिचान गरी कानूनको दायरामा ल्याई कर सम्भाब्यताको खोजी गर्नु पर्ने विषयमा जोड दिनुभयो ।

समापन कार्यक्रममा मन्तव्य राख्दै महानिर्देशक बिनोद बहादुर कुँबरले महानिर्देशकको रुपमा मन्त्रालयमा गरेको कार्य सम्पादन करार, समय समयमा अर्थ मन्त्रालयबाट प्राप्त निर्देशन, राजस्व संकलनको बैकल्पिक कार्ययोजना लगायतका निर्देशनहरुको कार्यान्वयनको प्रतिवद्धता व्यक्त गर्दै पश्चात दुई दिन सम्म संचालन गरिएको अर्धवार्षिक समीक्षा तथा व्यवस्थापन गोष्ठीको औपचारिक रुपमा समापन गर्नुभएको थियो ।

# महानिर्देशकज्यूको नेतृत्वमा कार्यालयको अनुगमन

सुशासन (व्यवस्थापन तथा संचालन) नियमावली, २०६५ को नियम ४० ले गरेको व्यवस्थाको कार्यान्वयन गर्न तथा आन्तरिक राजस्व विभाग अन्तर्गतका कार्यालयहरुको कार्य सम्पादन स्तरलाई गुणस्तरीय तथा सेवाग्राहीमैत्री बनाउने उद्देश्यले आन्तरिक राजस्व विभागका महानिर्देशक बिनोद बहादुर कुँवरको नेतृत्वमा विभागका निर्देशक तथा शाखा अधिकृतहरुको टोलीले आन्तरिक राजस्व कार्यालयहरु क्रमशः भरतपुर, हेटौडा, वीरगंज, सिमरा, जनकपुर, लाहान बुटवल, भैरहवा, कृष्णनगर, दाङ्ग तथा तथा उपमहानिर्देशक मुक्तिप्रसाद पाण्डे समेतको टोलीले ठूला करदाता कार्यालयको स्थलगत अनुगमन गरी सम्पन्न गरेको छ। आ.व. २०७५/०७६ र चालू आ.व. २०७६/०७७ को अनुगमन अवधिसम्मको तोकिएको राजस्व संकलन तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य र उक्त परिसूचकहरुको सम्बन्धमा सो अवधिसम्ममा कार्यालयले प्रतिवेदन गरेका कार्यप्रगतिका विषयमा अनुगमन र निरीक्षण गरी कार्यालयका प्रमुख सहित सबै कर्मचारीलाई अनुगमन अवधिसम्म प्राप्त सफलताको लागि महानिर्देशकले प्रसंशा सहित धन्यवाद दिनुभयो । साथै उहाँले चालू आ.व. २०७६/०७७ को लागि कार्यालयहरूलाई तोकिएको राजस्व संकलन तथा कार्यमूलक परिसूचकहरुको लक्ष्य अनुरुप प्रगति हासिल गर्न थप प्रयास गर्न निर्देशन समेत दिनुभयो ।

## राजस्व संकलनमा.....

**भएको छ । अन्त:शुल्कमा रू १२ अर्व ५४ करोड संकलन भएको छ जुन लक्ष्यको ५३.३६ प्रतिशत हुन आँउछ । त्यसैगरी शिक्षा सेवा शुल्कमा रू २८ करोड लक्ष्यमा रू १४ करोड संकलन भई लक्ष्यको तुलनामा ५१.०५ प्रतिशत संकलन भएको छ ।**

**रू. हजारमा**

| शीर्षक | | २०७६ को माघ देखि चैत सम्मको | | | |
|---|---|---|---|---|---|
| | गत वर्षको यस अवधिसम्मको प्रगति | लक्ष्य | प्रगति | प्रतिशत | वृद्धि प्रतिशत |
| आयकर | ४३,२८७,३३९.०० | ६१,६३२,५६१ | ३९,०५८,५९६ | ६३.३७ | (९.७६) |
| बहालकर | ६३०,२७६.०० | ९९५,६३२ | ३९५,२३५ | ३९.६९ | (३७.२९) |
| ब्याजकर | ४,५९१,२८९.०० | ८,०००,७९९ | ४,९८३,६६७ | ६२.२८ | (८.५५) |
| जम्मा आयकर | ४८,५०८,९०४.०० | ७०,६२८,९९२ | ४४,४३७,४९८ | ६२.९२ | (८.३९) |
| मूल्य अभिवृद्धि कर | १८,५६४,७७२.०० | २४,६०९,९६४.०० | १९,४७५,३४५ | ७९.१४ | (४.९०.) |
| अन्त:शुल्क | १६,२७८,१७२.०० | २३,५०७,२३९.०० | १२,५४३,८३८ | ५३.३६ | (२२.९४) |
| स्वास्थ्य सेवा शुल्क | ६१८,९३२.०० | ४८०,३७४ | | | (२२.३९) |
| शिक्षा सेवा शुल्क | २६६,१५६.०० | २८८,१७९.०० | १४७,१२१ | ५१.०५ | (४४.७२) |
| जम्मा | ८४,२३६,९३७.०० | ११९,०३४,३७४ | ७७,०८४,१७७ | ६४.७६ | (८.४९) |



“स्वच्छ कर प्रशासन, विकास र सुशासन”

# क्यासव्याक तथा वायोम्याट्रिक दर्ता प्रणालीको उद्घाटन कार्यक्रम सम्पन्न



मिति २०७६ माघ २८ गते माननीय अर्थमन्त्री डा. युवराज खतिवडाबाट विभागको सभाहलमा एक कार्यक्रमवीच उपभोक्ताले मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवा खरिद गर्दा त्यस्तो खरिदको मूल्य विद्युतीय उपकरणका माध्यमबाट भुक्तानी गरेमा निजलाई नगद प्रोत्साहन स्वरुप भुक्तानी गरेको करको दश प्रतिशत रकम निजको बैंक खातामा फिर्ता गर्ने व्यवस्था (क्यासव्याक) तथा वायोम्याट्रिक दर्ता प्रणालीको शुभारम्भ गर्नु भएको छ । क्यासव्याक प्रणाली सहितको सेवा उपलब्ध गराउन इच्छुक भई विभागमा सूचीकृत भएको बैक र व्यवसायिक फर्मबाट कारोवार गरेमा उपभोक्ताले तिरेको मूल्य अभिबृद्धि करको दश प्रतिशतले हुने रकम फिर्ता पाइने व्यवस्था यस क्यासब्याक प्रणालीमा रहेको छ। हाल नेपाल इन्भेष्टमेण्ट बैंक लिमिटेडको विद्युतीय भुक्तानी कार्ड प्रयोग कर्ताले भाटभटेनी सुपरमार्केट एण्ड डिपार्टमेण्टल प्रा.लि. त्रिपुरेश्वर शाखा र KKFC नयाँ सडक शाखाबाट कर लाग्ने वस्तु वा सेवा खरिद गर्ने उपभोक्ताहरुलाई क्यासब्याकको सुविधा उपलब्ध गराउने गरी यो प्रणालीको शुरु गरिएको छ। विभागले अन्य सम्भाव्य सबै करदातालाई यो प्रणालीमा आबद्ध हुन अनुरोध गरेको छ। उक्त सेवा उपलब्ध गराउन इच्छुक भई विभागमा सूचीकृत भएका **Fone Pay, e-Sewa, Khalti, Cell Pay, Connect IPS** जस्ता भुक्तानी प्रणाली संचालक तथा भुक्तानी सेवा प्रदायक संस्थासंग आवद्ध बिक्रेता तथा उपभोक्ताहरुमा पनि यो सुविधा लागू गरिएको छ।

यस्तो प्रणालीमा आवद्ध भएका बिक्रेताहरुबाट एक पटकमा रु. १ हजारदेखि रु. १ लाख सम्मको मूल्य अभिबृद्धि कर लाग्ने वस्तु वा सेवाको खरिद गरी विद्युतीय माध्यमबाट भुक्तानी गर्ने उपभोक्ताहरुले यो सुविधा उपभोग गर्न सक्नेछन्। आन्तरिक राजस्व विभागबाट स्वीकृति लिई विद्युतीय माध्यमबाट बीजक जारी गर्ने बिक्रेताबाट यस प्रणालीमा आवद्ध बैंक तथा वित्तीय संस्थाले जारी गरेका विद्युतीय उपकरणबाट भुक्तानी गरेकोमा मात्र यो सुविधा प्राप्त हुनेछ। यो व्यवस्थाले वस्तु वा सेवा खरिद बिक्री गर्दा बिल बीजक लिने दिने बानीमा थप सुधार हुने अपेक्षा गरिएको छ।

सोही दिन शुभारम्भ गरिएको करदाताहरुको बायोमेट्रिक दर्ता प्रणालीमा प्राकृतिक व्यक्तिलाई स्थायी लेखा नम्बर जारी गर्दा, एकल स्वामित्वको फर्मलाई मूल्य अभिबृद्धि करमा दर्ता गर्दा व्यक्तिको बायोमेट्रिक सूचनाहरु लिई अभिलेखको रुपमा राखिने छ। कुनै साझेदारी फर्म वा कम्पनीलाई मूल्य अभिवृद्धि करमा दर्ता गर्दा सो निकायको व्यवसायिक सूचनाका अतिरिक्त सो निकायको प्रमुख कार्यकारी व्यक्तिको बायोमेट्रिक सूचनाहरु लिई बायोमेट्रिक दर्ता प्रणालीमा अभिलेख रहने प्रणालीको विकास गरिएको छ। यो प्रणाली हाल आन्तरिक राजस्व कार्यालय टंगाल र नयाँ सडकबाट प्रारम्भ गरिएकोमा क्रमशः अन्य आन्तरिक राजस्व कार्यालय तथा करदाता सेवा कार्यालयहरुमा विस्तार गरिनेछ। यो प्रणालीले करदाता दर्ता प्रणालीमा सुधार गरी गुणस्तरीयता कायम गर्ने र हाल मूल्य अभिबृद्धि करमा दर्ता रहेका करदाताहरुको विवरण क्रमशः नयाँ दर्ता प्रणालीमा अद्यावधिक हुनेछ।

# क्षेत्रीय स्तरमा कर लेखा परीक्षण सम्बन्धी तालिम सम्पन्न



कर प्रशासनमा कार्यरत जनशक्तिहरुको क्षमता अभिवृद्धि गरी उनीहरुको व्यावसायिकता अभिवृद्धि गर्न र कर प्रशासनको कार्य गुणस्तरमा समेत सकारात्मक योगदान पुऱ्याउने अभिप्रायले विभागले विभिन्न मितिमा चरणबद्ध रुपमा क्षेत्रिय स्तरमा आधारभूत लेखा तथा कर लेखा परीक्षण विषयक तीन दिने तालिम सम्पन्न गरेको छ। पहिलो चरणमा मिति २०७६/१०/१७ देखि १०/१९गतेसम्म आन्तरिक राजस्व कार्यालय धरानको सभाहलमा संचालित कार्यक्रममा आन्तरिक राजस्व कार्यालयहरु क्रमशः भद्रपुर, दमक, विराटनगर, धरान, लाहान र करदाता सेवा कार्यालयहरु क्रमशः ईटहरी, फिदिम, ईलाम, धनकुटा, विराटचोक,राजविराज,गाईघाट रसंखुवासभाबाट गरी २६ जना कर अधिकृतहरुको सहभागिता थियो।

यसरी नै दोस्रो चरणमा मिति २०७६/१०/२४ देखि २६ सम्म महाराजा रिसोर्ट कालिकानगर, वुटवलमा सम्पन्न भएको तालिममा आन्तरिक राजस्व कार्यालयहरु क्रमशः भरतपुर, भैरहवा, वुटवल, कृष्णनगर र करदाता सेवा कार्यालयहरु क्रमशः पाल्पा र कावासोतीबाट गरी २५ जना कर अधिकृतहरुको सहभागिता थियो । उक्त तालिममा आधारभूत लेखासंग सम्बन्धी विषय, कर लेखा परीक्षण तथा अनुसन्धानात्मक कर परीक्षण, निर्णय पर्चा लेखन, पुँजीगत लाभ कर, ATR तथा ITS सम्बन्धी विषयबस्तुमा प्रशिक्षण दिइएको थियो । दुवै चरणको तालिम कार्यक्रको समापनको अवसरमा विभागका महानिर्देशक बिनोद बहादुर कुँवरले प्रशिक्षार्थीहरुलाई बधाई दिनुका साथै यस्ता तालिमले ज्ञान तथा सीपमा अभिवृद्धि गरी कार्यदक्षतामा सुधार ल्याउने कुरामा आफु विश्वस्त रहेको कुरा व्यक्त गर्दै प्रशिक्षार्थीहरुलाई तालिममा सिकेका विषयबस्तुलाई कार्यक्षेत्रमा उपयोग गर्न आग्रह गर्नुभयो ।

## आन्तरिक राजस्व विभागको

**ठेक्का वा करार अन्तर्गतको मूल्य अभिवृद्धि कर भुक्तानी सम्बन्धी सूचना ।**

"सरकारी निकाय वा नेपाल सरकारको पूर्ण वा आंशिक स्वामित्व भएको संघ संस्थाले ठेक्का सम्झौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा बापतको रकम सम्बन्धित ठेकेदार वा आपूर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर रकमको पचास प्रतिशतले हुन आउने रकम निजको नामबाट सम्बन्धित राजस्व शीर्षकमा जम्मा गरी बाँकी रहने कर बापतको रकम मात्र भुक्तानी गर्नु पर्नेछ" भन्ने व्यवस्था कार्यान्वयनका क्रममा यस अघि भएको परिपत्र एवं सूचना पश्चात पनि केहि द्विविधा रहन गएको बुझिन आएकोले उक्त व्यवस्था ठेक्का संझौता वा करार अन्तर्गत आपूर्ति हुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको भुक्तानीमा मात्र आकर्षित हुने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

# करदाता सेवा कार्यालय बर्दिवासद्वारा e - TDS सम्बन्धी अभिमुखीकरण कार्यक्रम सञ्चालन



करदाता सेवा कार्यालय बर्दिवासको आयोजनामा फागुन १७ गते सिन्धुली जिल्लामा e-TDS सम्बन्धी विषयमा अभिमुखिकरण कार्यक्रम सञ्चालन गरिएको थियो । सिन्धुली जिल्लाका विभिन्न विद्यालय तथा सरकारी कार्यालयमा कार्यरत प्रध्यानाध्यापक, कार्यालय प्रमुख तथा लेखा प्रमुख गरी एक सय भन्दा बढीको सहभागितामा सञ्चालन गरिएको कार्यक्रममा कार्यालयका कर अधिकृत विमल पौडेलले भुक्तानीमा कर कट्टीको अवधारणा, महत्व तथा आयकर ऐन, २०५८ मा भएको व्यवस्था सम्बन्धी विषयमा प्रस्तुतीकरण र प्रयोगात्मक कक्षा गर्नु भएको थियो । प्रस्तुतीकरण पश्चात कर अधिकृत पौडेले सबै कार्यालय र विद्यालयले अनिवार्य रुपमा विथहोल्डर पान लिई अनलाइनबाटै विवरण पेश गर्न र सबै कर्मचारीले व्यक्तिगत स्थायी लेखा नम्बर लिन आग्रह समेत गर्नुभएको थियो । कार्यक्रममा कमलामाई नगरपालिकाका शिक्षा इकाई प्रमुख शंकर लुईँटेलले कर प्रणालीलाई व्यवस्थित र पारदर्शी बनाउन सबै सार्वजनिक निकायको कर संकलन गर्ने दायित्व रहेको हुँदा आ-आफ्नो कार्यालय र कर्मचारीले स्थायी लेखा नम्बर लिई कर कट्टी गर्न र कानून अनुसार विवरण दाखिला गर्न आग्रह गर्नुभयो । कार्यक्रमका प्रमुख अतिथि कमलामाई नगरपालिकाका नगर प्रमुख खड्ग बहादुर खत्रीले मुलुकको समग्र विकास र समृद्धिको मूल आधार नै कर भएकोले प्रचलित कर कानूनको परिपालना सबैले गर्नु पर्ने धारणा व्यक्त गर्नु भयो ।

---

नेपाल सरकार
अर्थ मन्त्रालय
आन्तरिक राजस्व विभाग

## आन्तरिक राजस्व उपसमितिको सूचना

आगामी आर्थिक वर्ष २०७७/७८ को आर्थिक ऐन तथा बजेट तर्जुमाका सन्दर्भमा राजस्व नीति, मूल्य अभिवृद्धि कर, आयकर, अन्तःशुल्क तथा राजस्व चुहावट नियन्त्रणका साथै समग्र कर प्रशासनको सुधारका सम्बन्धमा आफ्ना सुझावहरु मिति २०७७ वैशाख १० गतेसम्ममा उपलब्ध गराइदिनुहुन सम्बन्धित संघ-संस्था, सरकारी निकाय, बुद्धिजीवीहरु एवं सरोकार राख्ने सबैमा आन्तरिक राजस्व उपसमिति हार्दिक अनुरोध गर्दछ ।

<u>सुझावहरु देहायका ठेगानाहरुमा पठाउन सकिनेछ :-</u>

आन्तरिक राजस्व विभाग,
नीति विश्लेषण शाखा, लाजिम्पाट, काठमाडौं;
फ्याक्स: ४४११७८८
e-mail: policyird@ird.gov.np

# Taxpayer Portal सम्बन्धी एक जानकारी

आन्तरिक राजस्व विभागले करदाताहरुको सहजताको लागि एकिकृत कर प्रणाली (Integrated Tax System) भित्र Taxpayer Portal मार्फत इन्टरनेटको माध्यमबाट संसारको जुनसुकै कुनाबाट प्रयोग गर्नसक्ने सफ्टवेयर उपयोगमा ल्याइएको छ। यो अनलाईन प्रणाली विभागको वेवसाइट ird.gov.np को Taxpayer Portal लिङ्कमा क्लिक गरेर उपयोग गर्न सकिन्छ। यस प्रणालीको प्रयोग गरेर करदाताले निम्नानुसारका कार्यहरु सहजरुपमा सम्पादन गर्न सक्दछन् ।

- आयकर तथा मूल्य अभिवृद्धि करमा दर्ता भई स्थायी लेखा नंबर प्रमाणपत्र (PAN Card/Certificate) लिने तथा अन्तःशुल्कको इजाजतपत्र प्राप्त गर्ने प्रयोजनको लागि निवेदन पेश गर्न,
- कुनै पनि करदाताले अनुमानित कर विवरण (Estimated Return), आय विवरण (Income Tax Return), मू.अ. कर विवरण (VAT Return), अन्तःशुल्क विवरण (Excise Return), स्रोतमा कर कट्टी विवरण (TDS Return), जस्ता आवधिक कर विवरण इन्ट्री गर्न र पेश गर्न,
- आफूले पेश गरेका आवधिक कर विवरणहरु आफ्नो विवरण पेश नंबर, प्रयोगकर्ता नाम र पासवर्ड (Submission Number, Username and Password) प्रयोग गरी हेर्न, सो को अवस्था (Status) पहिचान गर्नर छपाई गर्न,
- आधिकारिक प्रयोगकर्ता (Authorized User) लिएका व्यक्ति तथा फर्मको आधिकारिक प्रयोगकर्ताले आफ्नो लगइन (Taxpayer Login) मार्फत् निम्न कार्यहरु गर्न,
- पेश गरेका विवरण आफैँले रुजु (Verify) गर्न र आवश्यक समयमा हेर्न,
- भुक्तानी गरेका रकम तथा कारोवारसँग सम्बन्धित कर बक्यौता तथा ATR लगायत अन्य सूचना तथा सुविधामा पहुँच प्राप्त गर्न,
- आय विवरण पेश गर्ने प्रयोजनको निम्ति म्याद थपको लागि निवेदन दिन,
- विद्युतीय भुक्तानी (e-Payment) प्रणालीको प्रयोग गरी घरैबाट भौचर तयार गर्न तथा कर भुक्तानी गर्न,
- अन्य फर्म तथा निकायले कट्टा गरी दाखिला गरिदिएको स्रोतमा कर कट्टी (TDS) को विवरण हेर्न,
- प्रणालीबाट स्वतः तयार भएको वा कर अधिकृतले जारी गरेको कर चुक्ता प्रमाणपत्र हेर्न तथा प्रिन्ट गर्न,
- स्थायी लेखा नंबर स्थगन तथा मू.अ. कर लाग्ने व्यवसाय बन्द गर्ने (Close of Business) विवरण भर्न र पेश (Submit) गर्न,
- कुटनीतिज्ञ तथा कुटनैतिक निकायहरुले मूल्य अभिवृद्धि कर फिर्ता दावी गर्न,
- वस्तुगत संघसंस्थाले नयाँ व्यवसायीहरुलाई प्रमाणपत्र तयार हुनुअघि कार्य सुचारु गर्न स्थायी लेखा नंबर उपलब्ध गराउन,
- बैंक तथा वित्तीय संस्थाले ऋण स्वीकृत गर्नु अघि उक्त निकायले आन्तरिक राजस्व विभागमा पेश गरेका विगतका आय विवरणको जानकारी प्रणालीबाटै प्राप्त गर्न,
- करदाताले कुनै निकायमा पेश गरेको भौचर विभागको प्रणालीमा उपलब्ध भए नभएको जाँच गर्न तथा कर

चुक्ता प्रमाणपत्र सही हो होइन परीक्षण गर्न ।

## ध्यान दिनुपर्ने कुराहरु

- Mozilla Firefox का साथै Google Chrome को प्रयोग गरी अनलाईन सेवामार्फत् उपलब्ध गराइएका सुविधाहरु उपभोग गर्न सहज हुन्छ ।
- कार्यालयबाट युजर नलिएका करदाताले हरेक विवरण बुझाउँदा सो को लागि छुट्टाछुट्टै विवरण पेश नंबर (Submission Number) लिनको लागि आफैँले युजरनेम तथा पासवर्ड तोक्न सकिन्छ । यसरी लिइएको सब्मिशन नंबर, युजरनेम तथा पासवर्ड (Submission Number, Username and Password) को सेट नै उक्त विवरणको चिनारी (Identifier) हुने भएकाले पछि आवश्यक परेको बेला यसैको प्रयोग गरी उक्त विवरण प्राप्त गर्न सकिन्छ ।
- आंशिक रुपमा भरिएका विवरण बचाएर (Save) राख्न र पछि सच्याएर पेश (Submit) गर्न सकिन्छ । तर एकपटक पेश भएको विवरण सच्याउन सकिदैन । गलत विवरण प्रविष्ट भएको भए उक्त विवरण कर अधिकृत वा आधिकारिक व्यक्तिबाट Reject गराउन र अर्को सही विवरण भरेर पुनः पेश गर्न सकिन्छ ।
- रुजु (Verify) नभएको विवरण बुझाएको मानिदैन । त्यसैले हरेक विवरण पेश (Submit) गरेपछि अनिवार्य रुपमा रुजु गरी र गराई रुजु भएको यकिन गर्नु पर्छ ।


## आधिकारिक प्रयोगकर्ता (Authorized Username) को प्रयोगमा ध्यान दिनुपर्ने कुराः

- आधिकारिक प्रयोगकर्ता प्राप्त गर्न सम्बन्धित आन्तरिक राजस्व कार्यालय वा करदाता सेवा कार्यालयमा आधिकारिक व्यक्ति स्वयम् उपस्थित हुनुपर्छ ।
- उक्त प्रयोगकर्ता (User) बाट भएका सम्पूर्ण कार्यहरुको जिम्मेवार करदाता नै हुने भएकोले युजर तथा पासवर्ड अन्य व्यक्तिबाट सुरक्षित राखी प्रयोग गर्नुपर्छ ।
- यसको प्रयोग गरेर प्रणालीमा Login गरिसकेपछि सम्बन्धित करदाताले आफूसँग सम्बन्धित सम्पूर्ण कारोबार हेर्न सक्ने भएकोले आवश्यक गोप्यता करदाता स्वयंले कायम गर्नुपर्छ ।
- स्वयम् कर निर्धारण (Self Assessment) को अवधारणा अनुसार आफूले पेश गरेको विवरण आफैँले रुजु (Verify) गर्न सकिने हुँदा कर परीक्षण (Tax Audit) बाट अन्यथा नहुँदासम्म सोही विवरण नै अन्तिम हुन्छ ।
- आफ्नो युजरको पासवर्ड जुनसुकै समयमा आफैँले परिवर्तन गर्न सकिन्छ । कार्यालयबाट प्राप्त पासवर्ड परिवर्तन नगरी विवरण रुजु गर्न मिल्दैन । पासवर्ड बिर्सिएमा युजर प्राप्त गरेको कार्यालयबाट Reset गराउन वा आफैंले Reset गराई प्रणालीमा पहिले नै उपलब्ध गराइएको आधिकारिक इमेलमा प्राप्त गर्न सकिन्छ ।
- करदातालाई कर प्रशासनले पठाउने विभिन्न सूचना यसैबाट प्राप्त गर्न सकिने भएकोले व्यवसायको प्रमुख व्यक्तिले नै यसको नियमित प्रयोग गर्नु बुद्धिमानी ठहर्छ ।
- रुजु भैसकेको विवरण सच्याउनु परेमा सम्बन्धित कार्यालयमा निवेदन दिनुपर्छ । सबै विवरण सच्याउन मिल्दैन तर कर अधिकृतले आवश्यक परीक्षण गरी ठहरे बमोजिम शुल्क तथा जरिवाना लाग्ने भए सो समेत लगाई नियमानुसार कार्यालयबाट सच्याउन सकिन्छ ।

# Taxpayer Portal का मेनुहरु

**General:** यो मेनु सम्बन्धित कार्यालयबाट आधिकारिक प्रयोगकर्ता प्राप्त गरेको व्यक्तिले प्रणालीमा पहुँच स्थापित गर्ने (Taxpayer Login), र पासवर्ड परिवर्तन गर्ने (Change Password) सुविधा उपलब्ध छ । अन्तःशुल्क जन्य उद्योगले अन्तःशुल्क टीकट (Excise Sticker) माग गर्न तथा भौतिक नियन्त्रण प्रणालीमा रहेका उद्योगको Activity Recording को लागि Manufacturer Login प्रयोग गर्नुपर्छ । यसमा रहेको Payment Voucher Search मेनुको प्रयोग गरेर कर रकम भुक्तानी गरेको कुनै पनि भौचर प्रणालीमा उपलब्ध भएरनभएको थाहा पाउनको साथै उक्त भौचरमा भएको भुक्तानी सम्बन्धी विवरण समेत यकिन गर्न सकिन्छ । सम्बन्धित फर्मले पेश गरेको कुनै आर्थिक वर्षको कर चुक्ता प्रमाणपत्र प्रणालीबाटै सरोकारवाला व्यक्तिले जाँच गर्नको लागि Check Tax Clearance Certificateमेनु उपलब्ध छ ।

**Taxpayer Login:** बाट आफ्नो व्यक्तिगत वा व्यवसायको बक्यौता, भुक्तानी तथा आवधिक विवरण लगायतका जानकारीहरु प्राप्त गर्न सकिन्छ। यसबाट आय विवरण पेश गर्ने म्याद थपका लागि निवेदन पेश गर्नुका साथै पेश गरेका आवधिक विवरण स्वयम् रुजु गर्न समेत सकिन्छ । यसरी लगइन गरिसकेपछि Proceed to Payment बटन प्रयोग गरी पहिले नै भुक्तानी गरिएको राजस्वको विवरण हेर्न तथा भुक्तानी गर्न बाँकी राजस्व तिर्नको लागि बैंक भौचर तयार गर्नुका साथै घरैमा बसेर विद्युतीय भुक्तानी (e-Payment) समेत गर्न सकिन्छ ।




**Registration (PAN, VAT, Excise):** कुनै पनि व्यक्ति वा निकाय कर प्रयोजनको लागि दर्ता भई स्थायी लेखा नंबर प्राप्त गर्न तथा मू.अ. कर लाग्ने वस्तु वा सेवाको कारोबारका लागि दर्ता हुन निवेदन दिने प्रयोजनको लागि यो मेनु प्रयोग गरिन्छ । साथै पहिलो पटक अन्तःशुल्क इजाजत लिनको लागि समेत यसै मेनु मार्फत निवेदन (Application for Registration) पेश गर्नु पर्दछ । सोही आधारमा सम्बन्धित कार्यालयका अधिकृतले स्थायी लेखा नंबर प्रमाणपत्र (PAN Certificate) तथा अन्तःशुल्क ईजाजतपत्र (Excise Permit) जारी गर्दछन् ।

**Estimated Return:** चालु आर्थिक वर्षभित्र आफ्नो कारोबारको आधारमा (Turnover Tax) D-02 विवरण बुझाउने (बार्षिक रु. बीस लाखदेखि पचास लाखसम्मको कारोबार गर्ने व्यक्तिगत फर्मले) तथा D-03 आय विवरण बुझाउने करदाताले आफ्नो अनुमानित आय विवरण (Estimated Return D-02/D-03) बुझाउन तथा सो को संशोधन (Revised Estimated Return D-02/D-03) गर्न यसको प्रयोग हुन्छ ।

**Income Tax:** यो मेनु मार्फत करदाताले आर्थिक वर्ष समाप्त भएपछि उक्त वर्षभरि गरेको आम्दानी तथा कारोबारको आधारमा D-01 (बार्षिक रु. बीस लाखभन्दा कम कारोबार हुने व्यक्तिगत स्थायी लेखा नंबर भएका करदाताले), D-02 कारोबारमा आधारित आय विवरण बुझाउने (बार्षिक रु. बीस लाखदेखि पचास लाखसम्मको कारोबार गर्ने व्यक्तिगत फर्मले) तथा D-03 आय व्ययको पूर्ण लेखा राखी लेखा परीक्षण गराउने व्यक्ति तथा निकायले) आय विवरण (Self-Assessment Return Entry D-01/D-02/D-03) अनलाईनबाटै बुझाउन सक्छन् । Tax Return Login प्रयोग गरेर उक्त विवरण जुनसुकै समयमा खोलेर हेर्न तथा छपाई गर्न सकिन्छ । यसका साथै व्यवसायिक स्थायी लेखा नंबर नभएका प्राकृतिक व्यक्तिले बुझाउने आय विवरण (Self-Assessment Return Entry D-04) बार्षिक चालीस लाख रुपैयाँभन्दा बढी कर छुटको आय आर्जन

गरेका व्यक्तिले अनिवार्य बुझाउनु पर्ने) पनि यसैबाट पेश गर्न सकिन्छ। नियमित आय विवरणका अतिरिक्त चालु आर्थिक वर्षभित्रै बुझाउनु पर्ने विशेष प्रकृतिका आय विवरणहरुः आयकर ऐन, २०५८ को दफा ५७ अनुसारको स्वामित्व परिवर्तन हुँदा अघिल्लो व्यवस्थापनले बुझाउनु पर्ने (Change in Control D-03), व्यवसाय बन्द गरी स्थायी लेखा नंबर स्थगित गर्न दिइने (Close of Business D-01/D-02/D-03),

**VAT:** आवधिक मूल्य अभिवृद्धि कर विवरण (Periodic VAT Return Entry) प्रविष्ट गरी पेश गर्न तथा मू.अ. कर लाग्ने व्यवसाय बन्दको निवेदन (VAT Close of Business) दिन यो मेनुको प्रयोग गरिन्छ।

**Excise:** अन्तःशुल्क ईजाजत नवीकरण (Renew Permit) गर्ने, नयाँ ईजाजत थप (Add New Permit) गर्ने तथा मासिक अन्तःशुल्क विवरण भरेर पेश गर्ने (Excise Returns Entry) प्रयोजनको लागि यस मेनुको प्रयोग हुन्छ।

अन्तःशुल्क लाग्ने वस्तुको उत्पादन गर्ने उद्योगले Taxpayer Portal कोGeneral भित्रको Manufacturer's Login बाट प्रवेश गरी भौतिक नियन्त्रण प्रणाली अन्तर्गतका कच्चा पदार्थ खरिद अनुमतिदेखि आफ्ना उत्पादनको बिक्री तथा निष्काशनसम्मका क्रियाकलापको रेकर्डिङ्ग (Activity Recording) तथा उद्योग तथा व्यवसायलाई आवश्यक पर्ने अन्तःशुल्क टीकट (Excise Sticker) को माग गर्ने, प्राप्त गर्ने, जर्ती तथा खेर गएका र प्रयोग भएका अन्तःशुल्क टीकट अभिलेखित गर्ने (Sticker Management System) पनि प्रयोग गर्न सकिन्छ।

**E-TDS:** भुक्तानी दिने संस्था (Withholder) ले भुक्तानीका बखत भुक्तानी पाउने व्यक्ति वा निकाय (Withholdee) को आयबाट स्रोतमा कर कट्टी (Tax Deduction at Source) गरी सम्बन्धित राजस्व खातामा दाखिला गरेको आधारमा मासिक रुपमा स्रोतमा करकट्टी गरेको विवरण (TDS Return) पेश गर्न यो मेनुको प्रयोग हुन्छ। E-TDSमेनुको प्रयोग गरेर Withholder ले आफूले पेश गरेको विवरण चाहेको समयमा हेर्न सक्छन्। यसका साथै Withholdee ले आफ्नो कर कट्टी भएको विवरण राजस्व दाखिला गरिएको विवरणसँग मेल खाए नखाएको (Reconciled/Not-reconciled) समेत आफ्नो आधिकारिक युजरबाट हेर्न सक्ने सुविधा यही मेनुमा छ।

Personal PAN भएका व्यक्तिले आफ्नो व्यक्तिगत स्थायी लेखा नंबर (Personal PAN) को प्रयोगकर्ता तथा पासवर्ड तय गर्न Create Withholdee User मेनुको प्रयोग गर्ने व्यवस्था छ जसको Activation Key सम्बन्धित व्यक्तिको Email ठेगानामा उपलब्ध हुन्छ। Activate Withholdee Login को प्रयोग गरी User लाई सक्रिय बनाउन सकिन्छ भने पासवर्ड बिर्सेको अवस्थामा आफैंले Reset Withholdee Password मार्फत आफ्नो इमेल ठेगानामा नयाँ पासवर्ड प्राप्त गर्न सकिन्छ।

**Diplomatic Refund:** विभाग तथा सम्बन्धित कार्यालयबाट आधिकारिक प्रयोगकर्ता प्राप्त गरेका कुटनैतिक नियोग र कुटनीतिज्ञहरुका साथै संयुक्त राष्ट्र संघका निकाय तथा विकास साझेदारमार्फत् संचालित आयोजनाहरुले नियमानुसार मूल्य अभिवृद्धि कर फिर्ताको दावी गर्न यसको (Diplomatic Refund Login) प्रयोग गरिन्छ। आधिकारिक प्रयोगकर्ताले खरिद गर्दाका हरेक बिजकको विवरण सहित माग गरेको कर फिर्ता दावीलाई सम्बन्धित पदाधिकारीले अध्ययन गरेर बिजकगत रुपमा Approve/Disapprove गरी कर फिर्ताको निर्णय गर्दछन्।

**Electronic Billing:** सफ्टवेयर कम्पनी वा निजबाट अनुमति प्राप्त निकायले निर्माता कम्पनीको तर्फबाट विद्युतीय बिजक सम्बन्धी कार्यविधिमा तोकिएका मापदण्ड पुरा गरेको सफ्टवेयर विभागको प्रणालीमा सूचीकरण गर्नको लागि Electronic Billing Software Listing मेनुको प्रयोग हुन्छ। Electronic Billing User Permission मेनुबाट करदाताले सूचीकृत सफ्टवेयर मध्ये आफूलाई उपयुक्त सफ्टवेयर छानेर प्रयोगको अनुमतिका लागि निवेदन पेश गर्न सक्छन्।

**Other Agencies:** करदातालाई सहज रुपमा स्थायी लेखा नंबर प्रदान गर्न वस्तुगत संघसंस्था मार्फत केही समयको लागि अस्थायी PAN Card उपलब्ध गराउन स्वीकृति लिएका FNCCI/Chamber of Commerce जस्ता संघसंस्थाले प्रयोग गर्नका लागि यो In/Out मेनु उपलब्ध गराइएको हो। Bank Login को प्रयोग गरी बैंकहरुले ऋण स्वीकृत गर्नुअघि करदाताको अघिल्ला वर्षको आय विवरण आन्तरिक राजस्व विभागको प्रणालीबाट प्राप्त गर्न सक्ने व्यवस्था कार्यान्वयन भएको छ।

उल्लिखित मेनुका अतिरिक्त भविश्यमा करदातालाई उपलब्ध गराउने सुविधाहरुलाई मूलतः यही पोर्टलमार्फत उपलब्ध गराउने उद्देश्य आन्तरिक राजस्व विभागले राखेको छ।

नेपाल सरकार

अर्थ मन्त्रालय

आन्तरिक राजस्व विभागको

## कर विवरण तथा कर बुझाउने म्याद थप सम्बन्धी सूचना

विश्वव्यापी रुपमा फैलिएको कोभिड १९ को संक्रमणबाट उत्पन्न असहज परिस्थितिका कारण करदाताहरुले आवधिक रुपमा बझाउनु पर्ने कर विवरण, आय विवरण तथा ती विवरण अनुसार भुक्तानी गर्नुपर्ने कर दाखिला गर्ने म्याद थप गर्ने सम्बन्धमा नेपाल सरकार (मन्त्रिपरिषद) को मिति २०७६।१२।१६ को नीतिगत निर्णय तथा आर्थिक ऐन, २०७६ को दफा १९ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकार (माननीय मन्त्रिस्तर) को मिति २०७६।१२।१८ को निर्णयानुसार देहाय बमोजिमको म्याद थप गरिएको व्यवहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ।

(क) मूल्य अभिवृद्धि कर ऐन,२०५२ बमोजिम २०७६ साल फागुन महिनाको मासिक कर विवरण,माघ र फागुन महिनाको द्विमासिक र मंसिर- फागुनको चौमासिक कर विवरण तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ वैशाख २५ गतेसम्म ।

(ख) मूल्य अभिवृद्धि कर फिर्ता प्रयोजनको लागि मूल्य अभिवृद्धि कर ऐन,२०५२ को दफा २५घ बमोजिम कर फिर्ताको निवेदन दिन पाउने अवधि लकडाउन कै बखत समाप्त भएमा २०७७ साल वैशाखसम्म ।

(ग) अन्तःशुल्क ऐन,२०५८ बमोजिम २०७६ फागुन महिनाको बझाउनु पर्ने विवरण तथा ती विवरण बमोजिमको अन्तःशुल्क दाखिला गर्ने म्याद २०७७ वैशाख २५ गतेसम्म।

(घ) आयकर ऐन,२०५८ बमोजिम २०७६ साल फागुन महिनाको बुझाउनु पर्ने अग्रिम कट्टी र अग्रिम कर असुलीको विवरण बुझाउने म्याद तथा ती विवरण बमोजिमको कर दाखिला गर्ने म्याद २०७७ साल वैशाख २५ गतेसम्म ।

(ङ) आयकर ऐन,२०५८ बमोजिम २०७६ चैत्र महिनामा बुझाउनु पर्ने आर्थिक वर्ष २०७६।७७ को संशोधित अनुमानित कर विवरण र दोस्रो किस्ता वापतको रकम दाखिला गर्ने म्याद २०७७ वैशाख मसान्तसम्म ।

(च) आर्थिक ऐन,२०७६ को दफा ८ को उपदफा (२) बमोजिमको शिक्षा सेवा शुल्क, दफा १४ को उपदफा (२) बमोजिमको टेलिफोन स्वामित्व शुल्क तथा दफा १५ को उपदफा (३) बमोजिमको दुर सञ्चार सेवा दस्तुर दाखिला गर्ने म्याद २०७७ वैशाख २५ गते सम्म ।

# आन्तरिक राजस्व विभागको

## अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन सम्बन्धि सूचना

आयकर ऐन, २०५८ को दफा ९६ बमोजिम दाखिला गर्नुपर्ने आय विवरण साथ पेश हुने अनुसूची तथा फारामहरुमा समसामयिक परिमार्जन गरी मिति २०७६।०४।०१ देखि लागू हुने गरी आयकर ऐन, २०५८ को दफा ७७ बमोजिम तोकि सोहि दफाको उपदफा (२) बमोजिम सम्बद्ध सबैको जानकारीको लागि यो सूचना प्रकाशन गरिएको छ।

**प्रकाशक**
आन्तरिक राजस्व विभाग
लाजिम्पाट, काठमाडौं
फोन नं.: ०१-४४१५८०२, ४४१५८०३, ४४१९७१९
Email: taxbulletin@ird.gov.np
website: www.ird.gov.np

**संरक्षक**
बिनोद बहादुर कुँवर

**सल्लाहकार**
थानेश्वर गौतम
मुक्ति प्रसाद पाण्डे

**सम्पादन समूह**
सम्झना बराल ढकाल
केशर बहादुर पण्डित
काशिनाथ भट्टराई
राजु प्रसाद प्याकुरेल
हरि प्रसाद भण्डारी
टिका उपाध्याय



कर सम्बन्धी जानकारी टोल फ्रि नम्बर १६६००१४०००० बाट प्राप्त गरौं।